# सारांश


यस प्रतिवेदनले सन् २०२० देखि २०२४ का बीच भएका पाँचवटा जबरजस्ती निष्कासनका घटनामा केन्द्रित रही नेपालमा जबरजस्ती निष्कासनको सवालमा एम्नेस्टी इन्टरनेसनलले गरेको अनुसन्धानको निष्कर्षलाई प्रस्तुत गर्दछ। देशका धेरै भागहरूका अनौपचारिक बस्तीहरूमा बस्ने सयौं मानिसहरूलाई आवासविहीन बनाएको जबरजस्ती निष्कासनको निरन्तर अभ्यासप्रति एम्नेस्टी इन्टरनेसनल गहिरो रूपमा चिन्तित छ। यस अनुसन्धानले कानुनी संरक्षणात्मक उपायहरूको पालना गर्न र सीमान्तकृत समुदायहरूको संरक्षण गर्नमा अधिकारीहरूद्वारा भएको विफलतालाई उजागर गर्दछ। यसले नियामकीय र विधायिकी संरचनामा रहेका अपर्याप्तताहरूको पनि पहिचान गरेको छ। नेपालमा आर्थिक, सामाजिक र सांस्कृतिक अधिकारको प्राप्तिको लागि एम्नेस्टी इन्टरनेसनलद्वारा जारी वकालतको एक हिस्साको रूपमा यो अनुसन्धान रहेको छ।

यो अनुसन्धान सन् २०२४ मा कैलाली, सिरहा, सुनसरी र झापा जिल्लाहरूमा गरिएका दुई अनुसन्धान भ्रमणका क्रममा गरिएका स्थलगत अनुसन्धानका साथै एम्नेस्टी इन्टरनेसनल नेपालले साझेदार नागरिक समाज संघ संस्थाहरूसँग मिलेर गरेको निरन्तरका दस्तावेजीकरण र वकालतका प्रयासहरूमा आधारित छ। यस अनुसन्धानमा निम्न पाँचवटा जबरजस्ती निष्कासनका घटनाहरूलाई प्रतिनिधिमूलक घटनाका रूपमा अभिलेख गरिएका छन्:

- कुसुम खोला, माडी नगरपालिका, चितवन जिल्ला —२०७७ श्रावण ३
- चौकीडाँडा, घोडाघोडी नगरपालिका, कैलाली जिल्ला — २०७८ बैशाख १८
- थापाथली, काठमाडौं महानगरपालिका, काठमाडौं जिल्ला — २०७९ मंसिर १२
- पुरानो विमानस्थल क्षेत्र, धनगढी उपमहानगरपालिका, कैलाली जिल्ला — २०८१ आषाढ ०९
- भजनी, भजनी नगरपालिका, कैलाली जिल्ला - २०८१ आषाढ ११

यो अनुसन्धानले १६ वटा केन्द्रित समूह छलफल (FGDs) का साथै भूमि समस्या समाधान आयोग र राष्ट्रिय मानवअधिकार आयोग जस्ता संघीय अधिकारीहरूका साथै प्रादेशिक तथा स्थानीय अधिकारीहरूसमेत गरी १५ वटा व्यक्तिगत अन्तर्वार्ताका निचोडरूलाई समावेश गरेको छ।

"भूमिहीन सुकुम्वासी" (भूस्वामित्व दर्ता नभएका मानिसहरू) र "अव्यवस्थित बसोवासीहरू" (केही दर्ता गरिएको जग्गा भएपनि सरकारी जग्गामा बसोबास गरिरहेकाहरू) लाई जग्गाको स्वामित्व प्रदान गर्नेलगायत जबरजस्ती निष्कासनलाई रोक्नेसम्बन्धमा नेपालको संविधान र आवासको अधिकारसम्बन्धी ऐन, २०७५ तथा भूमि ऐन, २०२१ लगायतका कानुनहरूमा महत्त्वपूर्ण प्रावधानहरू रहेका छन्। आवासको अधिकारसम्बन्धी ऐनले त अझ कुनै पनि निष्कासन प्रक्रियामा पालना गर्नुपर्ने प्रक्रियागत संरक्षणात्मक उपायहरूलाई प्रस्तुत गर्दछ र धेरै हदसम्म अन्तर्राष्ट्रिय कानुनका प्रावधानहरूलाई पनि प्रतिबिम्बित गर्दछ।

यी स्वागतयोग्य प्रावधानहरूका बावजुद् एम्नेस्टी इन्टरनेसनलद्वारा अभिलेख गरिएका घटनाहरूले अधिकारीहरू कानुनी संरक्षणात्मक उपायहरूको पालना गर्न बारम्बार विफल भएको उजागर गरेका छन् र यसले सीमान्तकृत समुदायहरूको कानुनी संरणण र जीवनका वास्तविकताबीचको ठूलो खाडललाई अझ फराकिलो बनाउँदै लगेको छ। यसले निष्कासित व्यक्तिहरूसँग जग्गाको स्वामित्व नभएको अवस्थामा क्षतिपूर्ति र पुनर्वासको अधिकारको सम्बन्धमा रहेको गम्भीर कानुनी कमजोरीहरूलाई पनि औंल्याएको छ।

अभिलेख गरिएका घटनाहरूमा अधिकारीहरूले प्रभावित समुदायहरूसँग निष्कासनको विकल्पहरूको खोजी गर्न वास्तविक परामर्शमा संलग्न हुनुपर्ने र समुदायहरूलाई पर्याप्त सूचना दिनुपर्ने जस्ता राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कानुनमा तोकिएका दायित्वहरूलाई बेवास्ता गरेका थिए। साथै, पाँचमध्ये तीनवटा घटनाहरूमा तथ्याङ्क सङ्कलन, सामुदायिक संलग्नता, भूमि नक्साङ्कन, दावी प्रमाणीकरण र भूमि बाँडफाँटको लागि जिम्मेवारी प्राप्त भूमि समस्या समाधान आयोगद्वारा सुरू गरिएको विद्यमान प्रमाणीकरण प्रक्रियाहरूको ठाडो बेवास्ता गर्दै जबरजस्ती निष्कासन गर्ने वा निष्कासनको प्रयास गर्ने कार्य गरिएको थियो।

नेपालमा अनौपचारिक बस्तीमा बस्ने अधिकांश मानिसहरू सीमान्तकृत समूहमा पर्दछन्। अनुसन्धानले यी पाँचवटा घटनाहरूमा जबरजस्ती निष्कासनबाट दलित र आदिवासी जनजातिहरू असमानुपातिक रूपमा प्रभावित भएको पाएको छ। अनुसन्धानको क्रममा अभिलेख गरिएका शक्तिशाली भनाइहरूले जबरजस्ती निष्कासनका कारण हुने गम्भीर भावनात्मक, शारीरिक र मनोवैज्ञानिक पीडामाथि प्रकाश पारेका छन् जसले व्यक्ति र परिवारहरूलाई डर, आघात र अस्थिरताको अवस्थामा पुर्याउँछ। अनुसन्धान टोलीद्वारा भ्रमण गरिएका तीनवटै निष्कासन स्थलहरूमा आवासविहीनता स्पष्ट थियो जुन कुरा भूमिको स्वामित्वको स्थिति जेसुकै भएपनि राज्यले सबै मानिसहरूलाई जबरजस्ती निष्कासन गर्ने कार्यबाट संरक्षण प्रदान गर्ने र व्यक्तिहरूलाई आवासविहीन बनाउने कार्य नगर्ने बाध्यकारी अन्तर्राष्ट्रिय कानुनी प्रावधानको स्पष्ट उल्लङ्घन हो।

अभिलेख गरिएका धेरैजसो घटनाहरूमा प्रभावित समुदायहरूले निष्कासनको लागि कुनै पनि क्षतिपूर्ति पाएनन् वा पाएको क्षतिपूर्ति एकदमै अपर्याप्त थियो। पुनर्वासको प्रस्ताव गर्दा पनि प्रभावित समुदायसँगको पूर्व परामर्श नगरी र परिवारको आकार वा आधारभूत सेवाहरूको प्रावधान जस्ता आवश्यकताहरूको उचित विचार नगरी प्रस्ताव गरिएको थियो।

यस अनुसन्धानले नेपालमा जबरजस्ती निष्कासनको घटनालाई बढावा दिने धेरै कारकहरूलाई उजागर गरेको छ। आवासको अधिकारसम्बन्धी ऐन, २०७५ का धेरै प्रावधानहरूलाई कार्यान्वयन गर्न आवश्यक पर्ने नियामक संरचनाको अभावले कानुनी सुरक्षालाई धेरै हदसम्म निष्प्रभावी बनाएको छ। मौलिक हकहरूको संरक्षणका लागि बनाइएका हालसालैका कानुनहरूसँग बाझिएका पहिलेका कानुनहरूलाई संशोधन गरी कानुनी एकरूपता कायम गर्नमा भैरहेको विफलताले कार्यान्वयनलाई झन् कमजोर बनाएको छ र यसले अनौपचारिक बस्तीका बासिन्दाहरूलाई असमानुपातिक तवरमा असर पारेको छ। संघीय र स्थानीय सरकारहरू बीच समन्वय र सहयोगको अभावले स्थितिलाई थप बिगारेको छ र निष्कासन गर्न उद्धत अधिकारीहरूले स्थानीय तह र भूमि समस्या समाधान आयोग बीच भएका सम्झौताहरूलाई बेवास्ता गरिरहेका छन्।

निगरानी संयन्त्रहरू पनि धेरै हदसम्म प्रभावहीन रहेका छन्। उदाहरणका लागि राष्ट्रिय मानवअधिकार आयोगले केही घटनाहरूको अनुगमन गरेको छ र आवासको अधिकार उल्लङ्घनको उपचारका लागि सिफारिसहरू गरेको छ। तर स्रोतको सीमितताका कारण घटनाहरूको गम्भीरताको अनुपातसँग मिल्दो प्रतिक्रिया जनाउन आयोग विफल भएको छ। न्यायिक हस्तक्षेपहरू पनि फितला भएका छन्। न्यायपालिकाले केही अवस्थामा जबरजस्ती निष्कासन रोक्नमा महत्त्वपूर्ण भूमिका खेलेको भएपनि यसको रूढिवादी, भूस्वामित्व केन्द्रित दृष्टिकोणले अनौपचारिक बस्तीका बासिन्दाहरूलाई जबरजस्ती निष्कासनविरुद्ध उपलब्ध हुनुपर्ने संरक्षणलाई सीमित गरेको छ।

नेपालमा निष्कासनसम्बन्धी संरक्षणात्मक उपाय र प्रक्रियाहरूमा सुधार गर्न र सम्बन्धित अधिकारीहरूलाई जवाफदेही बनाउनका लागि निरन्तर ठोस सिफारिसहरू गरेको छ। पर्याप्त आवासको अधिकारको संरक्षण गर्न, जबरजस्ती निष्कासनको अभ्यास अन्त्य गर्न र निष्कासन गर्न आवश्यक ठानिएको अवस्थामा उचित कानुनी प्रक्रियागत संरक्षणात्मक उपायहरूलाई अवलम्वन गरिएको सुनिश्चित गर्न सम्बन्धित अधिकारीहरूले तुरुन्त र निर्णायक कदम चाल्नुपर्नेतर्फ गरिएको आग्रहलाई एम्नेस्टी इन्टरनेसनल पुनः दोहोर्याउँदछ। "भूमिहीन सुकुम्बासी" र "अव्यवस्थित बसोवासी"हरूको पहिचान गर्ने र उपयुक्त र उचित देखिएको अवस्थामा उनीहरूलाई जग्गाको स्वामित्व प्रदान गर्ने आफ्नो कार्यादेश कार्यान्वयन गर्न भूमि समस्या समाधान आयोगलाई सक्षम बनाउन एम्नेस्टी इन्टरनेसनल आग्रह गर्दछ। पर्याप्त आवासको अधिकारलाई कार्यान्वयन गर्न र नियामक संरचना स्थापनाको लागि तत्काल र समन्वयकारी कार्य नगरे नेपालमा जबरजस्ती निष्कासन र मानवअधिकार उल्लङ्घनको दुष्चक्र जारी रहनेछ।

# सिफारिसहरू

नेपालमा जबरजस्ती निष्कासनसम्बन्धी यस अनुसन्धानको निष्कर्षको आलोकमा एम्नेस्टी इन्टरनेसनल निम्न कार्यहरू गर्नका लागि आग्रह गर्दछः

**संघीय, प्रादेशिक र स्थानीय सरकारलाईः**

- भूमि ऐन, २०२१ को आठौं संशोधन र आवासको अधिकारसम्बन्धी ऐन, २०७५ द्वारा प्रदान गरिएअनुसार उचित प्रमाणीकरण र पुनर्वासका उपायहरू अवलम्वन नभएसम्म अनौपचारिक बस्तीहरूबाट सामूहिक निष्कासन नहुने कुरा सुनिश्चित गर्ने,
- निष्पक्ष र पारदर्शी प्रमाणीकरण तथा भूमि वितरण प्रकृया सुनिश्चित गर्नका लागि भूमि समस्या समाधान आयोगजस्ता संस्थागत संयन्त्रहरूलाई सुदृढीकरण गरी चरम गरिबी र भूमिहीनताको मूल कारकहरूलाई सम्बोधन गर्ने,
- जबरजस्ती निष्कासनका पीडितहरूले समयमै निष्पक्ष र पर्याप्त क्षतिपूर्ति सहित प्रभावकारी उपचार प्राप्त गर्ने कुरा सुनिश्चित गरी प्रभावित समुदायहरूको सक्रिय सहभागितामा पुनर्वासका कार्यक्रमहरू तर्जुमा गरिएको सुनिश्चित गरी सुरक्षित आवास, अत्यावश्यक सेवाहरू र दिगो जीविकोपार्जनमा उनीहरूको पहुँच सुनिश्चित गर्ने,
- सबै तहका अधिकारीहरूले विभेदकारी अभ्यासहरूलाई अन्त्य गर्ने र अनौपचारिक बस्तीमा बसोबास गर्नेहरूलाई उनीहरूको भूस्वामित्वको स्थिति जस्तोसुकै भए पनि अत्यावश्यक सेवाहरूमा पहुँच सुनिश्चित गर्ने।

**नेपाल सरकारलाईः**

- निष्कासन, क्षतिपूर्ति र पुनर्वाससम्बन्धी घरेलु कानुनी प्रावधानहरूमा नेपालको संविधान र अन्तर्राष्ट्रिय मानवअधिकार मापदण्डद्वारा सुनिश्चित गरिएको पर्याप्त आवासको अधिकारअनुरूप हुने गरी एकरूपता कायम गर्ने,
- आवासको अधिकारसम्बन्धी ऐनअन्तर्गतका कानुनी मापदण्डहरूको प्रभावकारी कार्यान्वयन सुनिश्चित गर्नको लागि कुनै ढिलाइ नगरी निष्कासनको लागि आवश्यक पर्ने संरक्षणात्मक उपायका उचित कार्यविधिगत प्रकृया सहितको आवासको अधिकारसम्बन्धी नियमावली लागू गर्ने।

**राष्ट्रिय मानवअधिकार संस्थाहरूलाईः**

- निष्कासन, क्षतिपूर्ति र पुनर्वास प्रक्रियाहरूको सक्रिय अनुगमन र निगरानीलाई बलियो बनाउने र पर्याप्त आवासको अधिकार सहित आर्थिक, सामाजिक र सांस्कृतिक अधिकारको उल्लङ्घनको लागि अधिकारीहरूलाई जवाफदेही बनाउने,

**संसदीय समितिहरूलाईः**

- पर्याप्त आवासको अधिकार, पर्याप्त खाद्य अधिकार र भूमिमा पहूँचलाई प्रभावकारी बनाउने कानुनहरू (जस्तै भूमि ऐन, आवासको अधिकारसम्बन्धी ऐन र खाद्य अधिकार तथा खाद्य सम्प्रभुतासम्बन्धी ऐन) को कार्यान्वयनको संसदीय निगरानीलाई प्राथमिकता दिने।

**न्यायपालिकालाईः**

- जबरजस्ती निष्कासन रोक्न र पर्याप्त आवासको अधिकार सुनिश्चित गर्न विफल भएका अधिकारीहरूलाई जवाफदेही बनाउनको लागि न्यायपालिकाले सार्वजनिक सरोकारका मुद्दाहरूको तत्काल र प्रभावकारी सुनुवाइ र फछ्र्योट सुनिश्चित गर्ने,
- राष्ट्रिय न्यायिक प्रतिष्ठानमार्फत आर्थिक, सामाजिक र सांस्कृतिक अधिकारसम्बन्धी मुद्दाहरूको निर्णयमा न्यायिक संवेदनशीलताका उपायहरू अवलम्वन गर्ने।